# गुराँस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रानीमत्ता, दैलेख

कर्णाली प्रदेश, नेपाल

## "घ" वर्गको निर्माण व्यवसायिक ईजाजत-पत्र सम्बन्धि कार्यविधि २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।१०।०५

प्रमाणिकरण मिति : २०७६।१०।०७

प्रमाणित गर्नेको दस्तखत :

## "घ" वर्ग को निर्माण व्यवसायिक ईजाजत-पत्र सम्बन्धी कार्यविधि-२०७६

गुराँस गाउँपालिकाको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक स्थानीयताको मूलभुत विशेषतालाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता , विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहँचको लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा-११ को उपदफा-२ को खण्ड-छ (१०) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाँउ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

(१) इजाजत-पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि वमोजिम इजाजत-पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुदैन ।

(२) नयाँ इजाजत-पत्र सम्वन्धी व्यवस्था :-

१) सार्वजनिक निर्माण सम्बन्धि कार्य गर्न चाहने निर्माण व्यवसायीले **अनुसूची-१** वमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत-पत्रको लागि यस गुराँस गाँउपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

२) उपबुदा नं.-१ बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची -६** वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा इन्जिनियर/सव ईन्जिनियर सहित सदस्य भएको गुराँस गाउँपालिकाको घ वर्गको निर्माण व्यवसाय ऐन २०७५ को दफा १२ को कार्यान्वयन समितिबाट जाँचवुझ गराउनु पर्नेछ ।

३) बुदा नं.- २ को उपबुदा नं.-२ अनुसारको कार्यन्वयन समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले ईजाजत-पत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

४) उपबुंदा नं.-३ वमोजिम कार्यन्वयन समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजत-पत्र कार्यपालिकाको निर्णय वमोजिम प्रमुख प्रशासकिय अधिकृतले इजाजत-पत्र वापत **अनुसूची-२** वमोजिमको दस्तुर लिई निजलाई **अनुसूची-३** वमोजिमको ढाँचामा इजाजत-पत्र प्रदान गर्नेछ ।

(३) इजाजतपत्रको अवधि र नविकरण : (१) दफा २ वमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ वमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक चालु आर्थिक वर्षको अन्त्य सम्म मात्र मान्य रहने छ ।

(२) उपदफा (१) वमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन वमोजिम संघ, प्रदेश र

स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघिय/प्रदेश/स्थानीय कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित गुराँस गाँउपालिकावाट **अनुसूचि-२** वमोजिम दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत-पत्र नविकरण गर्न गुराँस गाँउपालिकामा कागजात पेश गर्दा **अनुसूची -४** बमोजिमको पास वुक र **अनुसुची ५** को दरखास्त भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी **अनुसूची -४** बमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत-पत्र नविकरण गर्न गुराँस गाँउपालिका बाध्य हुने छैन ।

(३) उपदफा (२) वमोजिमको म्याद नाघेको छ महिना भित्र सवै प्रकृया पुरा गरी इजाजत-पत्र नविकरण गराउन चाहने निर्माण व्यवसायिले नविकरण गर्ने माग गरेमा **अनुसूचि २** वमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत-पत्र नविकरण गरी दिने छ ।

(४) इजाजत पत्रको खारेजी :

१) देहायको अवस्था गुराँस गाउँपालिकाले निर्माण व्यवसायीको इजाजत-पत्र खारेज गर्न सक्नेछ ।

क) झुठा विवरण पेश गरी इजाजत-पत्र प्राप्त गरेको प्रमाणित भएमा,

ख) सार्वजनिक निर्माण कार्य गर्ने व गर्न पाउने उदेश्यले नेपाल सरकार तथा संगठित सस्थामा झुठा विवरण पेश गरेको सम्वन्धीत निकायबाट लेखि आएमा ,

ग) सार्वजनिक निकायसँग भएको सझौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायबाट लेखि आएमा ,

२) उपदफा (१) वमोजिम इजाजत-पत्र खारेज गर्नु अघि सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइने छ ।

३) दफा (३) को उपदफा (३) वमोजिमको म्याद भित्र नबिकरण नभएको म्याद भित्र नविकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

४) उपदफा (१) वा (३) वमोजिम इजाजत पत्र खारेज भएकोमा गुराँस गाँउपालिकाले त्यसको जानकारी सम्वन्धीत फर्म वा व्यक्ति वा कम्पनीदर्ता गर्ने कार्यालयलाई दिइने छ ।

(५) इजाजत-पत्रको प्रतिलिपि दिने व्यवस्थाः-

कुनै निर्माण व्यवसायीले इजाजत-पत्र हराए वा नासिएको कारणवाट इजाजत-पत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूचि (२) वमोजिमको दस्तुर लिई इजाजत-पत्रको प्रतिलिपि दिनु पर्नेछ ।

(६) प्रचलित कानुन वमोजिम हुने :

यस कार्यविधि लेखिए जति यसै वमोजिम र अन्यको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

(७) बचाउ :

यस अघि प्रचलित कानून वमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्वन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजत-पत्रहरु यसै कार्याविधि वमोजिम दिइएको मानिन्छ ।

अनुसूची १

(बुंदा नं.-२ को उपबुदा २ सँग सम्वन्धित)

**इजाजत-पत्रको लागि दरखास्त विवरण**

श्रीमान अध्यक्षज्यू,
कार्यान्वयन समिति
गुराँस गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय, दैलेख ।

निर्माण व्यवसाय ऐन २०५५ तथा निर्माण व्यवसाय नियमावली २०७० वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजत-पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१) दरखास्त पेश गर्ने फर्म वा कम्पनिको
नाम :
ठेगाना:
पोष्ट वक्स :
टेलिफोन नं :                    फयाक्स नं :                    इमेल:
२) फर्म वा कम्पनिको प्रकृति :

| | | | |
|---|---|---|---|
| प्राइभेट लिमिटेड कम्पनि | | पब्लिक लिमिटेड कम्पनि | |
| एकलौटी | | साझेदारी | |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३ सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको
नाम थर :
ठेगाना :                    पोष्ट वक्स :
टेलिफोन :                    फयाक्स :                    इमेल :
४ फर्म वा कम्पनिको विवरण
दर्ता नं :                    दर्ता मिति :    अधिकृत पुंजी :        जारी पुंजी :
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :
५) इजाजत-पत्र लिन चाहेको वर्ग :
**(निर्माण व्यवसाय नियमावली २०७० को नियम १० वमोजिमको वर्ग मध्ये कुनै एक )**
६) समुहिकरण हुन चाहेको समुह :
७) आर्थिक स्रोतको विवरण :

| **श्रोतको किसिम** | **रकम** | **वित्तीय संस्था वैकको नाम** |
|---|---|---|

| | | |
|---|---|---|
| स्थायी ओभर डाफट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| वचत | | |

उल्लेखित विवरण वाहेक अन्य विवरण भए छुटै पेश गर्न सकिनेछ।

८) कामदारको विवरण :

क) प्राविधिक :

ख) अप्राविधिक :

ग) अन्य :

९) आफनो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी साधन मेशिनरी औजारको विवरण

| सिं नं | नाम तथा विवरण | दर्ता नं | क्षमता | संख्या | मुल्य | खरिद | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

द्रष्टय : **यस विवरण उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र ) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनि मेकानिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ।**

१०) यस अधि सम्पन्न गरेको कामको विवरण :

| **सि.नं.** | **निर्माण सम्वन्धी कामको प्रकृति** | **काम गरेको साल** | **रकम** | **ठेक्कादाता कार्यालयको नाम** |
|---|---|---|---|---|
| १ | भवन निर्माण तथा मर्मत संभार | | | |
| २ | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३ | विमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४ | वाँध नहर जलासय पानी टयांकी तथा ढल निर्माण पाइप विछयाउने तथा मर्मत संभार | | | |
| ५ | सुरुङ्ग भुमिगत मार्ग तथा जलासय (टनेल) निर्माण तथा मर्मत संभार | | | |
| ६ | विद्युत लाइन निर्माण पावर स्टेशन तथा मर्मत संभार | | | |
| ७ | हाइड्रोलिक स्टक्चर | | | |
| ८ | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९ | अन्य | | | |

११) करचुक्ता गरेको प्रमाण कागजात :
क)
ख)
ग)

यस दरखास्त फाराममा उल्लेखित उम्पुर्ण व्यहोरा ठिक साँचो छ ,झुठा ठहरे कानुन वमोमिज सहँला वुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको
दस्तखत :
मिति :

द्रष्टव्य : यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धीत कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको वखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

अनुसूची : २

(बुंदा नं.-२ को उपबुंदा ४ संग सम्वन्धित)

**इजाजत-पत्रको दस्तुर विवरण**

| क.स | निर्माण व्यवसायीको वर्ग | इजाजत-पत्र दस्तुर | इजाजत पत्र नवीकरण दस्तुर | इजाजत पत्र थप दस्तुर | इजाजत-पत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु.५,०००।०० | रु.२,५००।०० | रु.१,०००।०० | रु.५००।०० |

**अनुसूची ३**
**(बुंदा नं.-२ को उपबुंदा १ सँग सम्वन्धित)**
**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानीमत्ता, दैलेख**
**<u>इजाजत-पत्र</u>**

**इजाजत-पत्र नं ..........** **मिति**
**:.........................**

निर्माण व्यवसाय ऐन २०५५ को दफा ४(३) र निर्माण व्यवसाय नियमावली २०७० को नियम ६(१) एवं यस गाउँ कार्यपालिकाको मिति ................................गतेको निर्णय बमोजिम निर्माण व्यवसाय गर्न ...........................................................स्थित कार्यालय भएको ......................................... फर्म वा कम्पनीलाई इजाजत-पत्र प्रदान गरिएको छ ।

प्रो. श्री ..................................................

**"घ वर्ग"**

इजाजत-पत्र दिनेको
दस्तखत :
नाम :
पद :
मिति :

**नवीकरण**

| **नवीकरण गर्ने अधिकारी नाम** | **नवीकरण गरेको मिति** | **नवीकरण वहाल रहने अवधि** | **नवीकरण दस्तुर भौचर नं र मिति** | **नवीकरण गर्ने अधिकारीको दस्तखत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची ४**

(बुंदा नं.-३ को उपबुंदा २ सँग सम्वन्धित)

**इजाजत-पत्र अभिलेख**

इजाजत-पत्रको क्रम संख्या :

**खण्ड -(क)**

१) निर्माण व्यवसायी - (फर्म वा कम्पनि) को

क) नाम:

ख) ठेगाना :

२) निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको :

क) नाम :

ख) ठेगाना :

३) निर्माण व्यवसायको :

क) दर्ता नं :

ख) दर्ता मिति :

४) इजाजत-पत्रको

क) वर्ग :

ख) समुह :

५) इजाजत पत्र जारी गरेको शुरु मिति :

**खण्ड-(ख)**

नवीकरण

| सि.नं | नवीकरण भएको मिति | ईजाजत-पत्र नवीकरण दस्तुरको भौचर नं | नवीकरण दस्तुर वुझाएको मिति | नवीकरण दस्तुर वुझाएको वैक | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

खण्ड-(ग)

कार्य अभिलेख विवरण

| सि.नं | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता वमोजिमको रकम | कार्य प्रारम्भ मिति | कार्य समाप्त मिति | कार्य समाप्त मिति | सम्वन्धित अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

खण्ड घ

निर्माण व्यवशायी कोषमा रकम वुझाएको विवरण

| सि.नं | आयोजना वा कार्यालयको नाम | निर्माण कार्यको नाम | ठेक्का सम्झौता नम्वर | ठेक्का सम्झौता वमोजिमको रकम | कार्य सम्पन्न गर्दा लागेको कुल रकम | कोषमा वुझाएको रकम | सम्वन्धीत अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## अनुसूची ५

(बुंदा नं.-३ को उपबुंदा २ सँग सम्वन्धित)

**<u>इजाजत-पत्र नवीकरणको लागी दिइने दरखास्त</u>**

श्रीमान अध्यक्षज्यू
कार्यान्वयन समिति
गुराँस गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख ।

गुराँस गाउँपालिका निर्माण व्यवसाय सञ्चालन गर्ने इजाजत-पत्र नवीकरण गर्नको लागि देहाय वमोजिमको विवरणहरु खुलाइ निर्माण व्यवसाय नियमावली (पहिलो संशोधन) २०७० को नियम ७ (२) वमोजिम यो दस्तखास्त पेश गरेको छु ।

१) निर्माण व्यवसायी फर्म वा कम्पनीको

क) नाम : ख) ठेगाना:
ग) पोष्ट वक्स : घ) टेलिफोन नं
ङ) फयाक्स नं : च) इमेल :

२) निर्माण व्यवशायी दर्ता गर्ने कार्यालयको

क) नाम:
ख) ठेगाना :

३) निर्माण व्यवसायीको

क) प्रमाणपत्र नं :
ख) दर्ता मिति :

४) निर्माण व्यवसायीको

क) इजाजत पत्र नं : ख) इजाजत-पत्र जारी भएको मिति :
ग) इजाजत-पत्र जारि गर्ने कार्यालय

५) निर्माण व्यवसायी

क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं :
ख) नवीकरण मिति :

६) इजाजत पत्र नवीकरण दस्तुर । थप दस्तुर वापत रु ..................................अक्षरुपी ........... जम्मा गरेको ....................वैकको सक्कल भौचर यसै साथ संलग्न छ ।

यस दरखास्त फाराममा उल्लेखित सम्पुर्ण व्यहोरा ठिक साँचो छ ,झुठा ठहरे कानुन वमोजिम सहुला वुझाउला ।

निर्माण व्यवसायीको छाप निवेदक निर्माण व्यवसायीको तर्फवाट

दरखास्त दिनेको नाम :
पद :
दस्तखत :
मिति :

## अनुसूची ६

(बुंदा नं.-२ को उपबुंदा २ सँग सम्वन्धित)

**घ वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

१) आर्थिक क्षमता :

प्राईभेट वा पब्लिक लिमिटेड कम्पनीवा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२) मुख्य जनशक्ति विवरण :

मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक ,कुनै कुनै पनि विषयमा प्रमाणपत्रतह उत्तीण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तिर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्ने छ ।

३) मेशीन र उपकरण :

| | |
|---|---|
| क) लेभल मेशीन | - एक थान |
| ख) वाटर पम्प | - एक थान |
| ग) भाइब्रेटर | - एक थान |
| घ) ट्रयाक्टर | - एक थान |

**द्रष्टव्यः**

१. उपकरणको नामावली पेशगर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै वीमा गरेको कागजातहरु पेशगर्नु पर्नेछ ।

२) माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातकतहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३) माथि उल्लेखित यन्त्र/उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म वेचविखन गर्न पाईने छैन ।

४) पन्धवर्ष भन्दावढी पुरानो यन्त्र/उपकरणहरु निर्माण व्यवसायीको वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।